नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मितिः २०७८-०४-१० गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरुमा बहाव सामान्य रहेको तथा सबैमा सतर्कता तह भन्दा तलै रहेको छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : श्रावण-१० गते आइतबार (विहान ७ बजे देखि २४ घण्टा)

- महाकाली, नारायणी र यिनका सहायक नदीहरूमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने तथा कोशी र कर्णालीका सहायक नदीहरुमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १ को संखुवासभा, खोटाङ, सोलुखुम्बु, बागमती प्रदेशको रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, लुम्बिनी प्रदेशको रुकुम पूर्व, कर्णाली प्रदेशको रुकुम पश्चिम, जाजरकोट, दैलेख, सुदूरपश्चिम प्रदेशको कैलाली, र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

### पूर्वानुमान भोलि : श्रावण-११ गते सोमबार (विहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी, महाकाली र यिनका सहायक नदीहरू बिषेशगरी सुनकोशी, तमोर, त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, कालीगण्डकीमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने तथा कर्णाली र यस्का सहायक नदीहरुमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

### पूर्वानुमान पर्सी : श्रावण-१२ गते मंगलबार (विहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी, महाकाली र यिनका सहायक नदीहरू बिषेशगरी तमोर, त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, सुनकोशी, तामाकोशी, अरुण, कालीगण्डकीमा बहाव बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने तथा कर्णाली र यस्का सहायक नदीहरुमा बहाब बढ्ने तथा केहीमा सतर्कता आसपास पुग्ने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश नं १, प्रदेश नं २, बागमति, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- प्रदेश १ को संखुवासभा, खोटाङ, सोलुखुम्बु, बागमती प्रदेशको रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, लुम्बिनी प्रदेशको रुकुम पूर्व, कर्णाली प्रदेशको रुकुम पश्चिम, जाजरकोट, दैलेख, सुदूरपश्चिम प्रदेशको कैलाली, र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्रहरू तथा डुवान भईरहने क्षेत्रहरूमा सतर्कता अपनाउनुहुन अनुरोध छ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ।* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

नोटः पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels (Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id= 3225)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform ( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।